# बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा, १ नं. प्रदेश, नेपाल

☎ ०२३-५४०२४४

## आन्तरिक आय संकलनको लागि

## शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७८/०१/...

बिर्तामोड नगरपालिकाद्धारा सञ्चालित बिर्तामोड नगर अस्पताल बिर्तामोड, झापामा वीमा कार्यक्रम अन्तर्गत फार्मेसी संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्मले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र **E-Bidding** का माध्यमबाट मात्र तपशिल बमोजिमको शर्तमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सूचित गरिन्छ।

शर्तहरु:

१. इच्छुक फर्म औषधि व्यवस्था विभागमा, वाणिज्य विभागमा दर्ता र नविकरण, **VAT** र **PAN** मा दर्ता भएको हुनु पर्नेछ।

२.आ.व.०७६/०७७ सम्मको कर चुक्ता गरेको हुनु पर्नेछ साथै करचुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

३.फार्मेसी संचालनका लागि बार्षिक न्यूनतम रु.१२,००,०००।-(बाह्र लाख मु.अ.कर बाहेक) भन्दा नघट्ने गरी बोलकबोल गर्नुपर्नेछ र सम्झौता अवधि २ वर्षको हुनेछ।

४.**PPMO** को **eGP** प्रणाली [www.bolpatra.gov.np/egp](www.bolpatra.gov.np/egp) मा गएर **Online** शिलबन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजे भित्र पेश गरिसक्नुपर्नेछ।

५.शिलवन्दी दरभाउपत्र बिर्तामोड नगरपालिकाको खाता नं.२४६CA५००१८८७०००२ NIC ASIA BANK मा राजश्व बापत रु.१०००।- तिरेको भौचरको प्रतिलिपी पेश गर्नुपर्नेछ।

६.शिलबन्दी दरभाउपत्रमा उल्लेख गरेको कबोल अंकको ५% रकम दरभाउपत्र खुल्ने दिनदेखि ७५ औं दिनसम्मको अवधि भएको धरौटी वापत रकम बितामोड नगरपालिकाको धरौटी खाता नं.२४६CA५००१८८७०००५ NIC ASIA BANK मा जम्मा गरेको प्रमाण पेश गर्नुपर्नेछ।

७.प्राप्त शिलवन्दी दरभाउपत्र १६ औं दिनको २:०० बजे खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट खोलिनेछ। दरभाउपत्रदाताहरु अनुपस्थित भएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

८.स्वास्थ्य वीमा गरिएका बिमितहरुका लागि वीमा वोर्डले निर्धारण गरेको मूल्यमा तोकिएका औषधीहरु उपलब्ध गराउनु पर्नेछ।

९.औषधीको क्लेम इन्ट्री (Claim Entry) आफैं गर्नुपर्नेछ।

१०. बिमितहरुलाई उपलब्ध गराएको औषधिको सोधभर्ना वीमा वोर्डले रकम उपलब्ध गराए बमोजिम हुनेछ।

११.वीमा सुविधा अर्न्तगत नपर्ने औषधीको सोधभर्ना गरिने छैन।

१२.फार्मेसी संचालनका लागि आवश्यक पर्ने लगानी तथा जनशक्ति संचालक स्वयंले व्यवस्था गर्नुपर्नेछ।

१३.शिलबन्दी दरभाउपत्र छनौट गर्ने अधिकार बितामोड नगरपालिकाको कार्यालयलाई हुनेछ।

१४.नगर अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको स्थानमा २४ घन्टा फार्मेसी खोल्नु पर्नेछ।

१५.रितपूर्वक नभएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

१६.अन्य कुराहरु प्रचलित नियम, कानून एवं तोकिए बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत